# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


१२ जेठ २०८२

**कमरेड अध्यक्ष**
**सबै प्रदेश / जिल्ला र पालिकाहरू**

**विषयः** गणतन्त्र दिवसलाई उत्सवका रूपमा मनाउने ।

केन्द्रीय सचिवालयको ५२औं बैठक पार्टी अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षमा सम्पन्न भएको छ । बैठकको आरम्भमा कमरेड अध्यक्षले वर्तमान राजनीतिक अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । यतिबेला पार्टीका विरूद्धमा राजावादी, माओवादी र अराजकतावादी र कम्युनिष्टविरोधी बाह्य शक्तिहरूका तर्फबाट नियोजित प्रहार भइरहेको छ । त्यसमाथि जनताको बलिदानीपूर्ण संघर्षबाट स्थापित लोकतान्त्रिक गणतन्त्रका विरूद्धका प्रतिगामी र अराजकतावादी क्रियाकलाप गम्भीर चिन्ताको विषय बनेका छन् । यस प्रकारका अवान्छित क्रियाकलापका विरूद्धमा पार्टीपङ्क्ति एकताबद्ध र सक्रियापूर्वक लाग्नु आवश्यक छ ।

बैठकले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा जनमत निर्माण गर्ने उद्देश्यसहित सामन्ती राजतन्त्रको अन्त्य भई लोकतान्त्रिक गणतन्त्र स्थापना भएको जेठ १५ गतेको गणतन्त्र दिवसलाई विभिन्न कार्यक्रम आयोजना गरी उत्सवका रूपमा मनाउन आमजनतालाई आह्वान गर्ने निर्णय गरेको छ ।

उपत्यका बाहिर उक्त दिन पार्टी कमिटीका आयोजनामा पालिकास्तरमा गणतन्त्र दिवसको अवसरमा विविध कार्यक्रम आयोजना गर्ने निर्णय भएको छ । पालिकास्तरमा आयोजना हुने कार्यक्रमको आयोजना पालिका पार्टी कमिटीले र त्यसको संयोजन प्रदेश र जिल्ला कमिटीले गर्न पर्नेछ ।

काठमाडौँ उपत्यकाको हकमा उपत्यकाका पार्टी कमिटी र पार्टीसम्वद्ध संगठनहरूको आयोजनामा साँस्कृतिक झाँकीसहितको कार्यक्रमको आयोजना गर्ने ।

कार्यक्रमलाई प्रभावकारी बनाउने सन्दर्भमा काठमाडौंको हकमा केन्द्रीय कार्यालय र प्रदेशको हकमा प्रदेश कमिटीले आवश्यकताअनुसार पार्टी नेतृत्वलाई परिचालित गर्ने ।

प्रदेश कमिटी र जिल्ला कमिटीले आ-आफ्नो तहका संघ-संस्थाहरूलाई गणतन्त्र दिवसका अवसरमा विविध कार्यक्रम आयोजना गर्न प्रेरित गर्ने । त्यस्ता कार्यक्रमहरूमा जनसहभागिताका लागि सहजीकरण गर्ने ।

प्रदेश कमिटी र जिल्ला कमिटीहरूले आफ्नो कार्यक्षेत्रअन्तर्गत सम्पन्न भएका कार्यक्रम जानकारी सहितको रिपोर्ट केन्द्रीय कार्यालयमा पठाउने ।

हार्दिक अभिवादन सहित,

**शंकर पोखरेल**
**महासचिव**


तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org